# अनुसन्धानमूलक लेखहरू

**'जर्नल अफ फरेष्ट एण्ड लाइभ्लीहुड' वर्ष ३, अङ्क १ मा प्रकाशित लेखहरूको नेपाली सारांश**

यसमा समावेश पाँच ओटा लेखहरू 'नेपालमा सामुदायिक वन: दिगोपना र निजी तथा सार्वजनिक स्रोत व्यवस्थापनमा यसको प्रभाव' नामक तीन वर्षे अनुसन्धान आयोजनाको अनुसन्धान-निष्कर्षमा आधारित छन् । यो आयोजना संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभागको आर्थिक सहयोगमा वेलायत स्थित लिड्स विश्वविद्यालय, नेपाल- यू. के. सामुदायिक वन परियोजना र 'नेचुरल रिसोर्स इन्टरनेशनलको संयुक्त प्रयासमा सञ्चालन भएको थियो । यस बाहेक दुई ओटा स्वतन्त्र अनुसन्धानमूलक लेखका सारांश पनि यसमा समेटिएका छन् । प्रस्तुत लेखहरूमा नेपालको मध्य पहाडी क्षेत्रमा, सामुदायिक वन (सा.व.) व्यवस्थापनको अवस्था, सा.व. उपभोक्ता समूहहरूको संस्थागत विकासका सूचकहरू, सा.व. व्यवस्थापन र उपयोग, स्थानीय टोल तहको योजना निर्माण प्रक्रिया, सा.व. बाट जीविकोपार्जनमा परेको प्रभाव तथा सा.व.मा न्यायोचितता मापन आदि विषयवस्तुलाई समेटिएका छन् ।

## नेपालको मध्य पहाडी क्षेत्रमा सामुदायिक वन व्यवस्थापन : एक बदलिँदो परिवेश

■ ओलिभर स्प्रिङ्गेट-बेगिन्स्की, ओमप्रकाश देव, नागेन्द्रप्रसाद यादव, जोन सुसन

### परिचय

नेपालमा सा.व. कार्यक्रम मुख्यतः मध्यपहाडी क्षेत्रमा केन्द्रित रहेको छ । यस क्षेत्रले देशको ४१ % भू-भाग र ४५.५% जनसङ्ख्या ओगटेको छ । तराई क्षेत्रमा पनि सा.व. कार्यक्रम लागू गरिएको छ, यद्यपि देशको कुल सा.व. उपभोक्ता समूहमध्ये तराईमा १२% मात्र छन् । पूर्वी पहाडी क्षेत्रका ११ ओटा उपभोक्ता समूहहरूको स्थानीय तहमा संस्थागत विकासको अवस्था, वन स्रोत र जीविकोपार्जनमा तिनको प्रभावका सम्बन्धमा अध्ययन गरिएको छ । यस अध्ययनबाट आएका नतिजाहरूलाई यस लेखमा प्रस्तुत गर्न खोजिएको छ ।

### नेपालमा सामुदायिक वन स्रोतको अवस्था

नेपालमा कुल भू-भागको करिब एक तिहाई भाग क्षेत्रफल वन जङ्गलले ढाकेको छ । विभिन्न उचाइ तथा सूक्ष्म जलवायु अनुसार यहाँको वनमा धेरै प्रकारका विविधता पाइन्छन् । कोशी अञ्चलको पहाडी क्षेत्रमा अवस्थित वनहरू उच्च पहाडी मिश्रित वन, मध्य पहाडी कोणधारी वन, मध्य पहाडी मिश्रित वन र सुख्खा उपत्यका वा पतझर पहाडी वन हुन् । यी वनहरूबाट डालेघाँस, घाँस, काठ, दाउरा, जडीबुटी, खोटो र अन्य गैह्रकाष्ठ वन पैदावारहरू प्राप्त हुने गरेका छन् । कोशी अञ्चलको पहाडी भेगमा सा.व. उपभोक्ता समूहहरू मध्ये सबैभन्दा बढी ४२% समूहसँग चिलाउने-कटुसको वन पाइने क्षेत्रमा रहेका छन् ।

मध्य पहाडी क्षेत्रका सहज पहुँच भएका उर्वरायुक्त वनजङ्गल कृषि भूमिमा परिणत भएका र अनुर्वरक भूमिमा मात्र वनजङ्गल सीमित रहेको पाइएको छ । यसो त जनसंख्याको अवस्थासँगै वनजङ्गल र कृषिक्षेत्रको मात्रा पनि घटबढ हुने गरेको छ । हालका वर्षहरूमा निजी वन र निजी भूमिमा वृक्षारोपण गर्ने प्रचलन बढेको छ । कम उचाइका धान खेत वरिपरि वा कान्लाहरूमा

'वारी'को तुलनामा रुखविरुवाहरू कम लगाइएको छ । सरकारी वन सामान्यतः गाउँ र वस्ती भन्दा टाढा ठूलो क्षेत्रफलमा पाइन्छ भने सानो क्षेत्रफल भएका टुक्रा वनहरू बस्तीका आसपासमा छरिएर रहेका पाइन्छन् । मूलतः यी साना र बस्ती नजिकका वनहरू नै सा.व. को रुपमा हस्तान्तरण भएका छन् ।

मध्य पाहडी क्षेत्रमा जीविकोपार्जनका तीन मुख्य आधारहरू छन् । ती हुन्:

- धेरैजसो परिवारहरू जीविकोपार्जनको लागि कृषिमा आधारित छन् । मध्यमस्तरका परिबारहरूको सामान्यतः जग्गा जमिन र बस्तुभाउहरू हुन्छन्, तर निजी रुखविरुवाहरू र चरन क्षेत्र थोरै मात्र हुने गर्छ । यी परिवारहरू कृषि प्रयोजनको लागि वन जङ्गलमा धेरै हदसम्म निर्भर रहन्छन् ।
- गरिब र भूमिहीन परिवारहरू गैह्र कृषि क्रियाकलापहरू जस्तै श्रममूलक कार्य, गैह्रकाष्ठ वनपैदावार सङ्कलन तथा सीपमूलक कार्यहरूमा निर्भर रहन्छन् । यो वर्गका मानिसहरूलाई धनी वा मध्यमस्तरका मानिसहरू भन्दा फरक किसिमका आवश्यकताहरू पर्दछन् । जस्तो कि आरन चलाउनको लागि कोइला, बिक्रीको लागि जडीबुटी, दाउरा, आदि ।
- धनी मानिसहरूले व्यापार व्यवसाय वा जागिरबाट प्राप्त अम्दानी खेतीपातीमा लगाउन सक्छन् । तिनीहरूको गाउँ भन्दा टाढा पनि जग्गा जमिन हुन सक्छ र वर्षको केही महिना मात्र पहाडमा बस्छन् । सामान्यतः यिनीहरूको सिञ्चित र असिञ्चित दुबै जग्गा जमिन हुन्छ । ठूलो मात्रामा खेत बारीमा निजी रुखहरू हुन्छन् । चरन क्षेत्र, निजी वन र ठूलो संख्यामा वस्तुभाउ हुन्छन् ।

## अनुसन्धान क्षेत्र र बिधि

कोशी अञ्चलका पहाडी जिल्लाहरू सँखुवासभा, भोजपुर, तेह्रथुम र धनकुटामा लिइएका १४ अनुसन्धान क्षेत्रहरू मध्ये ११ ओटा वन उपभोक्ता समूहहरू र ३ ओटा गैह्र समूहक्षेत्रमा प्रस्तुत अध्ययन केन्द्रित छ । अध्ययन क्षेत्रको छनौट गर्दा जिल्ला सदरमूकामबाट दूरी, वनको प्रकार र अवस्था, उपभोक्ता समूहको गठन मिति, आदि सूचकहरूलाई ध्यान दिइएको थियो । अनुसन्धानको उद्देश्यहरू र उपभोक्ता समूहहरूको कतिपय आवश्यकताहरू समेट्न सहभागितात्मक कार्य अनुसन्धान विधिको प्रयोग गरिएको थियो ।

## समुदायमा आधारित वन व्यवस्थापनको लागि अनुकुल वातावरण

नेपालमा सा.व. सम्बन्धी नीतिहरूको विकास क्रमको इतिहास लामो छ । वि.सं. २००७ साल अघि मध्य पहाडी क्षेत्रका वनजङ्गल स्थानीय भूमिपति, मुखिया र राजासँग निकट व्यक्तिहरूसँग निहित थियो । वि.सं. २०१३ मा निजी वन राष्ट्रियकरण गरिएपछि यसको संरक्षण र व्यवस्थापनको जिम्मा वन विभागमा आयो । वन विभागमा संरक्षण र व्यवस्थापन गर्ने क्षमताको अभाव र स्थानीय जनताको राष्ट्रियकरणबारेको असन्तोषको कारण, भूमिसुधार कार्यक्रम र जग्गा नापी पछि जङ्गललाई कृषि भूमिमा बदल्ने परिपाटी बढ्दै गयो । किनभने जङ्गल बुट्यान राखे राष्ट्रियकरण ऐन मुताबिक सरकारी हुने तर जङ्गल बुट्यान फाडेर खेतीयोग्य जमिन बनाए निजी जग्गा हुने देखेर गोस्वारा नापीका बखत धेरै निजी वनजङ्गल कृषि भूमिमा बदलिए । फलस्वरुप स्थानीय जनता तथा वन विभाग बीच द्वन्दको सुरुआत समेत भयो । यसबाट वनको हैसियत र स्थानीय जनताको जीविकोपार्जनमा प्रतिकूल असर पुग्न गयो । वि.सं. २०१७ र २०२७ सालको दशकमा

वन प्रशासनलाई वनको संरक्षण गर्न निकै अधिकार दिइयो तर वन जङ्गलको क्षेत्र र हैसियत बढ्नुको साटो झन बिग्रदै गयो ।

सा.व. नीतिले वर्तमान स्वरुपसम्म आइपुग्न विभिन्न तीन कोशेढुङ्गाहरू पार गरेको छ । पहिलो, वि.सं. २०३२ सालमा वन विभागद्वारा आयोजित राष्ट्रिय सम्मेलन जसले स्थानीय वासिन्दालाई वन व्यवस्थापनमा सहभागी गराउनु पर्ने टड्कारो आवश्यकता औंल्याएको थियो । वि.सं. २०३३ सालको राष्ट्रिय वन नीति, वि.सं. २०३४ र २०३५ सालका संशोधित वन ऐन, वि.सं. २०३९ सालको विकेन्द्रीकरण ऐनले सा.व. को संस्थागत विकासमा टेवा पुऱ्यायो । दोस्रो, कोशेढुङ्गा वि.सं. २०४४ सालमा सम्पन्न सा.व. को प्रथम राष्ट्रिय कार्यशालाको सुझाव र यसकै आधारमा वि.सं. २०४५ सालमा तर्जुमा भएको वन क्षेत्रको गुरुयोजनालाई लिन सकिन्छ । यसले पहाडी क्षेत्रका बस्ती नजिकका वन क्षेत्र स्थानीय उपभोक्ता समूहहरूलाई हस्तान्तरण गरिनु पर्छ भन्ने उल्लेख गरेको थियो । वि.सं. २०४७ सालको प्रजातन्त्रको पुनर्स्थापना पछि वन उपभोक्ता समूह एक वलियो स्वतन्त्र निकायकोरुपमा स्थापित भयो । तेस्रो, वि.सं. २०४९ सालको वन ऐन जसले सा.व. को अभ्यासमा नविनता तथा उपभोक्ता समूहलाई स्थानीय तहको एक स्वायत्त वन व्यवस्थापन निकायकोरुपमा अधिकार प्रदान गऱ्यो ।

सुरुमा वन स्रोत व्यवस्थापनको माध्यमको रुपमा प्रयोग भएको सा.व. लाई हाल जीविकोपार्जन र बृहत् सामुदायिक विकासको माध्यमको रुपमा समेत प्रयोग गरिएको छ । वर्तमान अवस्थामा सा.व. को दोस्रो पुस्ताका सवालका रुपमा मुख्यतः वन उपभोक्ता समूहका वन व्यवस्थापनका साथै अन्य सहयोगको आवश्यकतालाई कसरी पूर्ति गर्ने र समूहको विकास सम्भावनालाई वन क्षेत्रसँग मात्र सीमित नगर्ने तर्क केन्द्रित रहेका छन् ।

**निष्कर्ष**

समग्रमा नेपालमा सा.व. उपभोक्ता समूहहरू एक स्थानीय संस्थाको रुपमा स्थापित भएका छन् । स्थानीय धनी तथा टाठाबाठा व्यक्तिहरू समूहमा हावी देखिए पनि अध्ययनको क्रममा उनीहरूको इच्छामा मात्र निर्णय भएको २०% मात्र प्रमाण भेटियो । सामान्यतः स्थानीय बासिन्दाहरू समूहको गठन प्रति सन्तुष्ट रहेको देखियो । समूहहरूले इमान्दारीपूर्वक वनको संरक्षण गरेको अध्ययनको निष्कर्ष रह्यो । विगतको वनको हैसियतमा ह्रास आउने प्रक्रिया उल्टिएको र वनपैदावारको आपूर्तीबाट उपभोक्ताहरू लाभान्वित हुन थालेको देखिन्छ । उपभोक्ता समूहहरू स्थानीय सामुदायिक विकासका एक प्रभावकारी संस्थाको रुपमा विकसित भएका छन् ।

सस्थागत संरचना र अवसर प्राप्त भएमा सा.व. उपभोक्ता समूहहरू स्थानीय वनको सबैभन्दा प्रभावकारी व्यवस्थापक बन्न सक्दछन् । समूहहरू योजना तर्जुमा तथा निर्णय प्रक्रियामा छलफलको माध्यमबाट प्रभावकारीरुपमा परिचालन हुन सक्दछन् । अध्ययनले सा.व. बाट जीविकोपार्जनमा सकारात्मक प्रभाव परेको निष्कर्ष निकालेको छ । यद्यपि सा.व. को प्रभावकारिता उपभोक्ता समूहस्तरको निर्णय प्रक्रियामा धेरै हदसम्म निर्भर गर्दछ तर अध्ययन गरिएका उपभोक्ता समूहहरूमा तिनको निर्णय प्रक्रिया कमजोर र सबैलाई समेट्न नसकिएको पाइएको छ । यसका साथै वन सीमानाको कारणबाट उत्पन्न विवाद पनि जटिल समस्याको रुपमा देखापरेको छ । केही समूहहरूको गठनको प्रारम्भिक दिनहरूमा वन पैदावार बढी निकाल्ने प्रबृत्ति रहेको र वन व्यवस्थापनमा पनि धेरै सुधार हुनु पर्ने खाँचो देखिएको छ ।